नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभाग**
**(वैदेशिक श्रम स्वीकृति शाखा)**
ताहाचल, काठमाडौं

Web : dofe.gov.np
फोन नं. ०१-४७९२६७१

पत्र संख्याः २०८२/८३ चलानी नंः

मिति २०८३।०१।०८

## सूचना

इजाजतपत्र प्राप्त संस्थाले बैदेशिक रोजगार ऐन, २०६४ को दफा १६ अनुसार पूर्वस्वीकृती प्राप्त भएपछि कामदार छनोट गर्न नेपाली भाषामा प्रकाशन हुने कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा ७ (सात) दिनको म्याद दिई विज्ञापन प्रकाशन गर्नुपर्ने, दफा १७ मा प्रकाशित विज्ञापन बमोजिम तोकिएको योग्यता, अनुभव लगायतका आधारमा कामदारको छनोट गर्ने र दफा १८ मा छनोट भएका कामदारको प्रवेशआज्ञा (Visa) को प्रक्रिया अगाडि बढाउने र प्रवेशआज्ञा (Visa) प्राप्त भईसकेपछि इजाजतपत्र प्राप्त संस्थाले कामदारको अन्तिम श्रम स्वीकृतीको लागि विभाग समक्ष पेश गर्ने व्यवस्था रहेको छ।

अत: इजाजतपत्र प्राप्त संस्थाले उल्लेखित कानूनमा भएको व्यवस्था अनुरुपको प्रक्रिया पुरा गरी बैदेशिक रोजगारीका लागि कामदार छनोटको विज्ञापन, कामदारको छनोट तथा भिसा प्राप्तिको कार्य सम्पन्न गरी अन्तिम श्रम स्वीकृतिको लागि आवेदन पेश गर्नु/गराउनुहुन सम्पूर्ण इजाजतपत्र प्राप्त संस्थाहरुलाई जानकारी गराईन्छ। माथि उल्लेखित प्रक्रिया उल्लंघन भएको पाइएमा कानून बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

०१/०८

शाखा अधिकृत